श्वेत पत्र

२०७८

फलेवास नगरपालिका

नगर कार्यपालिकाको कार्यालय,

खानीगाँउ,पर्वत

फलेवास नगरपालिकाको संक्षिप्त परिचय

नेपालको गण्डकी प्रदेश अन्तरगत पर्ने पर्वत जिल्लाको मध्यभाग कालीगण्डकीको काखमा अवस्थित फलेवास नगरपालिका भौगोलिक विविधताले भरिएको एक अनुपम तथा रमणीय क्षेत्र हो । विश्व मानचित्रमा यस नगरपालिका २८° ०५' ५७'' देखि २८° १२' ११'' उत्तरी अक्षांश र ८३° ३६' ३४'' देखि ८३° ४६' ०७'' पूर्बी देशान्तर भित्र रहेको छ । यस नगरपालिकाको पूर्वमा स्याङ्गजा जिल्ला र महाशिला गाउँपालिका, दक्षिणमा स्याङ्गजा जिल्ला, महाशिला गाउँपालिका र विहादी गाउँपालिकाको केही भाग पश्चिममा बाग्लुङ्ग जिल्ला र उत्तरमा कुश्मा नगरपालिका पर्दछन् । यस नगरपालिकाको कूल क्षेत्रफल ८५.७ वर्ग कि.मी. रहेको छ । उचाईका हिसाबले समुन्द्री सतहबाट ६२० मिटर उचाईमा रहेको वडा नं ११ मा पर्ने पाङ्गराङ्गको कालिगण्डकी किनारको बगर देखि २२६६ मिटर उचाइको पाङ्गराङ्ग र कुर्घाको शीरमा रहेको चिसापानीको लेक र २२५९ मिटरको उचाइमा रहेको डहरेको लेक समेतको भू-भाग यस नगरपालिकामा पर्दछन् । यस नगरपालिकामा १५ भन्दा बढी जात जातीका ५७२६ परिवारका ३४५६३ जना मानिसहरु बसोवास गर्दछन् । जस मध्ये महिला १६८०४ र पूरुष १७७६९ रहेका छन् ।

स्वेत पत्रको उद्देश्य :

१. फलेवास नगरपालिकामा हामी पहिलो जनप्रतिनिधि निर्वाचित हुंदाको अवस्थाको समिक्षा

२. जननिर्वाचित नगरपालिकावाट भएका काम र आएको परिवर्तन सार्वजनिक

३. भोगिएका समस्या, चुनौती र भावी दिशा

श्वेत पत्रको समय :

आ.व. २०७४/०७५ देखि २०७८/०७९

खण्डः क - नगरपालिकाको विगतको अवस्था

(क) पृष्ठभूमिः

१. जनताले आफूँमा निहीत सार्वभौमसत्ताको प्रयोग गरी निर्माण गरेको नेपालको संविधानले तीन तहका सरकारको व्यवस्था गरी कार्यजिम्मेवारी र स्रोत साधनको व्यवस्था गरेको छ । सहकारीता, समन्वय र सहकार्यमा आधारित भएर तीनै तहका सरकारले स्वशासन र सहशासनको माध्यमवाट संघीयताको कार्यान्वयन गर्न दिशा निर्देश गरेको छ । यसै सन्दर्भमा स्थापित स्थानीय सरकारले नागरिकप्रति पूर्ण रुपले जवाफदेही भएर स्थानीय आवश्यकताको सिघ्र, यथोचित संवोधन गर्नुपर्ने हुन्छ । विविधता, अन्तरनिर्भरता,जवाफदेहीता, कुशलता र एकता जस्ता अन्तरनिहीत सिद्धान्तहरुलाई आत्मसात गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रका लाभहरुको जराधार देखिनै सवलीकरण गर्न तथा तिनीहरुको समन्यायीक वितरण मार्फत नागरिकमा खुसी र समृद्धी ल्याउन दत्तचित्त रहनु स्थानीय सरकारको कर्तव्य रहन्छ ।

२. स्वतन्त्रता, समानता, सामाजिक संरक्षण, सामाजिक न्यायको प्रवर्द्धन गर्दै नागरिकका मौलिक एवं आधारभू हक अधिकार प्राप्ती र उपभोगको व्यवस्था मिलाउने दायित्व स्थानीय सरकारमा छ भने जनताको नजिक रहेर आधारभूत सेवा प्रवाह गर्ने तथा सर्वाङ्गीण विकासका कियकलापको संचालन, सहजीकरण, नियमन गरी समृद्धीको यात्रामा स्थानीय तहलाई डोरयाउने जिम्मेवारी पनि रहेको छ ।

३. स्थानीय सरकारको रुपमा स्थानीय तहमा व्यवस्थापिका र कार्यपालिकाको संरचनागत प्रवन्ध हुने गरी पहिलो स्थानीय सरकारको निर्वाचन भएको ५ वर्ष व्यतित भइसकेको छ । नीतिगत,कानूनी तथा संरचनागत प्रवन्ध

गरी सुम्पीएका जिम्मेवारी वहन गर्दै हामी फलेवास नगर कार्यपालिकाको पनि पहिलो कार्यकाल पुरा भएको छ ।

४. नेपालको संविधान, राज्यले कार्यान्वयनमा ल्याएका आवधिक योजनाहरु (चौधौ र पन्ध्रौ), दिगो विकास लक्ष्य, संघीय तथा गण्डकी प्रदेश सरकारका वार्षिक नीति , कार्यक्रम तथा वजेट, संघीय र गण्डकी प्रदेशका ऐन कानूनको दिशानिर्देशमा रही फलेवास नगर कार्यपालिकाले पाँचवटा नीति कार्यक्रम तथा वजेटको कार्यान्वयन गरिसकेको छ ।

५. फलेवासी आमावुवा दाजुभाई तथा दिदी वहिनीहरुको अमूल्य मतको नासो मार्फत स्थानीय सरकारको जिम्मेवारीमा पुगेका हामी निर्वाचित प्रतिनिधि सदैव नागरिक प्रति जवाफदेही भई चनाखो रुपमा सेवा प्रवाह र विकास निर्माणका कार्य संचालन ग-यौं । यहाँहरुले निर्वाचन मार्फत नगर विकासको वागडोर हामीलाई सुम्पदा फलेवास नगरपालिकाको अवस्थालाई निम्नानुसार चित्रण गरिएको छ :

(ख) स्थापनाकालीन नगरपालिकाको अवस्था

विभिन्न ११ वटा गाउँ विकास समितिहरु एकीकृत गरी निर्माण गरिएको फलेवास नगरपालिकामा हामी निर्वाचित भएर आउँदा निम्न अवस्था पाएका थियौं ।

१. कार्यालय :

- भवनविहीन अवस्था रहेको
- सेवा प्रवाहको लागि आवश्यक पर्ने न्यूनतम भौतिक सामग्रीको अभाव रहेको
- वडा कार्यालयहरुको जिर्ण अवस्था:सामान्य सेवा प्रवाह पनि हुन नसकेको अवस्था रहेको

२. मानव संशाधनः

- प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत र एकजना प्रशासनका नायव सुव्वा गरी ३ जना कर्मचारीवाट केवल औपचारिक रुपमा कार्यालय खोली वस्ने कार्य मात्र रहेको
- मानव संशाधन विकास संवन्धी कुनै नीति, योजना तथा कार्यक्रम नरहेको
- वडा कार्यालयहरुमा समेत कर्मचारीको अभाव रहेको

३. नीति तथा कानूनी व्यवस्था , सेवा प्रवाह र सुशासन

- संविधानले स्वायत्त स्थानीय सरकारको परिकल्पना गरी कार्यजिम्मेवारी र स्रोत साधन हस्तान्तरण गरेको भएता पनि सो अनुसार कार्यसंपादनका लागि कुनै नीतिगत , कानूनी र कार्यक्रमगत प्रवन्धको सून्यता रहेको
- वडा कार्यालयहरुवाट साविकमा गाविसले गर्ने कर्मकाण्डी कार्य मात्र संपादन हुँदै आएको
- सेवा प्रवाहमा प्रविधिको प्रयोगको सून्यता रहेको । कागज र कलमको भरमा सामान्य सिफारिश तहका मात्र सेवा प्रवाह गर्ने परंपरा धानीरहेको ।
- नागरिकका आधारभूत आवश्यकतामा आधारित, नागरिक मैत्री सेवा प्रवाहको कुनै गुञ्जयास नरहेको । सामान्य कामको लागि पनि जिल्ला धाउने वाध्यता कायमै रहेको । भनसुनमा आधारित सेवा प्राप्तिको निरन्तरता रहेको । सेवा प्रवाहको कुनै मापदण्ड नभएको ।
- तत्कालिन गाउँ विकास समितिहरुमा आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकाले आर्थिक अनियमितताका सवालहरु उठिरहेको अवस्था रहेको । वेरुजुको अवस्था विकराल रहेको ।
- स्थानीय स्तरमा सेवा प्रवाह गर्ने कृषि, स्वास्थ्य चौकी , खानेपानी तथा सरसफाइ कार्यालयहरु, विद्यालय जस्ता विकेन्द्रीत संस्था समेत केन्द्रीय सरकार प्रति उत्तरदायि रहेका

४. रोजगारी र आर्थिक क्षेत्र

- कृषि, पशुपालन र उद्योगधन्दाको स्थापना, विकास , नियमन र वजारीकरणको अवस्थाको परिकल्पना नै नभएको ।

- निर्वाहामुखी तथा परंपरागत रुपमा खेतिपाति गर्ने प्रचलन रहेको ।
- पर्यटन विकासको लागि संभावित सवै स्थानहरु ओझेलमा परेका ।
- उत्पादन तथा विक्रीमा आधारित कृषि विकास हुन नसकेको ।
- युवाहरुको श्रम, सीप र दक्षताको उपयोग संवन्धमा योजना विहीन रहेको ।
- पेशागत सीपयुक्त जनशक्तिको वर्गिकृत तथ्याँकको अभाव रहेको । परंपरागत व्यवसायको संरक्षण र विकासको कुनै योजना नभएको । नयाँ सीपयुक्त जनशक्ति विकास सम्वन्धमा कुनै सोच नै नभएको ।

५. सामाजिक क्षेत्र

- गरिवको लागि मात्र स्थापना भएजस्तो गरेर सामुदायिक विद्यालयहरु संचालनमा रहेका । शिक्षक पदपूर्ति, उनीहरुको व्यवस्थापन, क्षमता विकास जस्ता पक्षहरु ओझेलमा परेका । विद्यार्थी उपलब्धी प्रति वेवास्ताको अवस्था रहेको । विद्यालयको भौतिक विकासको अवस्था कहालीलाग्दो रहेको । प्रविधिको न्युनतम् प्रयोग पनि शिक्षण सिकाइमा नभएको ।
- वडामा संचालित स्वास्थ्य चौकिहरुको अवस्था साहै कमजोर रहेको । औषधिको अभाव, स्वास्थ्यकर्मीको अभाव, समयभर स्वास्थ्य चौकी संचालन नहुने अवस्था रहेको । नगरपालिकामा एउटा राम्रो सरकारी अस्पताल नभएको । एम्वुलेन्स सुविधा नभएको । सामान्य उपचारको लागि पनि जिल्ला सदरमुकाम वा अन्य शहरमा जानुपर्ने वाध्यता रहेको ।
- नगर भर नै स्वस्थ्य खानेपानीको अभाव रहेको । पूर्ण सरसफाइको राष्टिय कार्यक्रम अलपत्र रहेको । ठाँउ ठाँउमा उपयुक्त फोहोर विसर्जन केन्द्रको अभाव रहेको ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको सूची व्यवस्थित नभएको । समयमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न कठिनाई रहेको ।
- राष्टिय रुपमा सामाजिक सुरक्षा कार्यक्रमले नसमेटेका पेशाकर्मी तथा श्रमिकहरुको हकहितको वारेमा कुनै सोच नरहेको ।
- महिला, वालवालिका, फरक क्षमता भएका व्यक्तिहरु, जेष्ठ नागरिक, दलित, अल्पसंख्यक व्यक्ति तथा समुदायको हक हितको संरक्षण र अधिकारको प्रचलनका लागि कुनै व्यवस्था नरहेको ।

६. पूर्वाधार क्षेत्र

- पुल सडक, वाटोघाटो जस्ता पुर्वाधारहरु जिल्ला सदरमुकाम मुखी भएका । एक वडा वाट अर्को वडा,एक वस्ती वाट अर्को वस्ती , वस्तीवाट वडा कार्यालय र वडावाट नगरपालिका केन्द्र आवतजावत गर्न पैदलै घण्टौ हिड्नुपर्ने अवस्था रहेको
- नगर क्षेत्र भित्र कालोपत्रे एक सेमी पनि नभएको । सामान्य रुपका चक भएका डोरेटा सडकहरु कुनै कुनै क्षेत्रमा खनिएका । योजनावद्ध रुपमा नागरिकको आर्थिक सामाजिक विकास सँग एकाकार हुने गरी सडक विकासको योजना नभएको । भनसुन तथा शक्तिको भरमा सडक खन्ने प्रवृत्ती रहेको ।
- नगरको दीगो विकास सँग पूर्वाधार विकासलाई जोड्न नसकिएको ।
- गोरेटो वाटाहरु जिर्ण अवस्थामा रहेका
- चौतारि पोखरी मठ मन्दिर पाटि पौवा आदि जस्ता साँस्कृतिक सम्पदाको निर्माण, मर्मत संभारमा कुनै ध्यान नभएको ।
- खेलकुद विकासका लागि खेल मैदानहरुको व्यवस्था नभएको

यसरी हेर्दा हामी निर्वाचित हुँदा एउटा कोरा र शैसव नगरपालिका हाम्रो हातमा यहाँका नागरिकहरुले सुम्पनु भएको थियो । विकासको कुनै पनि पक्ष सन्तोषजनक थिएन । वाटोघाटो , पुलपुलेसा, सडक अलपत्र अवस्थामा थिए । जनताको दैनिक जिवन कष्टकर थियो । नगरमा विकासका संभावनाहरुको परिकल्पना नै गरिएको थिएन । सामान्य सुविधा एवं सहुलियत पनि टाँठावाठाहरुको हातमा थियो ।

खण्ड ख : हाम्रो पाँच वर्षे कार्यकालका मुख्य मुख्य उपलब्धीहरु

यहाँहरुले आफ्नो अमूल्य अभिमत मार्फत हामीलाई जिम्मेवार वनाएपछी यहाँहरु संगै निरन्तर हातेमालो गरी, यहाँहरुकै सल्लाह र सम्मतिमा आवश्यकतामा आधारित भएर हामिले नीति, कार्यक्रम र योजना संपन्न गऱ्यौ । हाम्रो पाँचवर्षे कार्यकालमा खुला आकाशमुनी स्थापना भएको नगरपालिका लाई एउटा वास्तविक नगरपालिकाको आकार दियौं। यहाँहरुको नजिको सुख दुखको साथी र सारथीको रुपमा सेवा प्रवाह गर्ने प्रयास गऱ्यौ । हाम्रो पाँचवर्षे कार्यकालमा गरिएका मुख्य मुख्य कार्य र उपलब्धीहरु निम्न छन् :

१. योजनावद्ध विकासको शुरुवात

- **नगर विकास गुरुयोजना निर्माण**

  नगरको सार्वाङ्गीण विकासका लागि पथप्रदशकको रुपमा त्रिभूवन विश्वविद्यालय संगको साझेदारीमा नगरपालिकाको गुरुयोजना निर्माण गरिएको छ । नगरको भूगोल, जनसंख्या,सामाजिक तथा सांस्कृतिक अवस्था, आर्थिक अवस्था , विकासको अवस्था र संभावनालाई यस गुरुयोजनाले उजागर गरेको छ । आगामी दिनमा समेत नगरपालिकाको दिगो विकासका लागि यो कोशेढुङ्गा हुने छ ।

- **आवधिक योजना निर्माण**

  गुरुयोजनाले दिशानिर्देश गरे वमोजिम नगरपालिकाको आवधिक पंचवर्षिय योजनाको निर्माण एवं कार्यान्वयन गरिएको छ । वार्षिक नीति, वजेट तथा कार्यक्रम यही पंचवर्षिय योजनाको मार्ग निर्देशन अनुसार निर्माण गरिएका छन् ।

  यसरी योजनावद्धरुमा गरिएका विकास क्रियकलापहरु वास्तविकतामा आधारित भई नागरिकका आवश्यकता संवोधन गर्न सहायक सिद्द भएका छन्

२. नगरका गौरव र रुपान्तरणकारी योजना

- फलेवास नगरपालिकाको आर्थिक, समाजिक विकासमा रुपान्तरण ल्याउन कालीगण्डकी वहुउद्देश्यीय जलाशययुक्त आयोजनाको लागि सर्वप्रथम आवाज वुलन्द गरिएको छ । यसको लागि संघ र प्रदेश सरकार समेत साझेदारी गर्न तत्पर छन्
- पोखरा कार्किनेटा खानीगाँउ हुँदै वाग्लुङको जैमनी र गल्कोट जोड्ने मध्यपहाडी लोकमार्गको लिङ्क राजमार्गको निर्माण चरणवद्ध रुपमा भै रहेको
- पोखरा, लुम्ले, अन्नपूर्ण पदमार्गको पर्यटकीय लाभाँस लिन सक्ने गरी पर्यटन विकास योजना संचालन भइरहेको छ । मनमोहन शान्ति वाटिका, खुममा होमस्टेको विकास भएको छ ।
- फलेवासको समग्र र वहुआयमिक विकासका लागि ग्रीन फलेवास क्लिन फलेवास अभियान सञ्चालन गरिएको छ । यसवाट क्लिन हाउस ग्रिन हाउस, क्लिन स्कुल ग्रिन स्कुल, क्लिन रोड ग्रिन रोड, क्लिन टोल ग्रिन टोल अभियान सञ्चालन मार्फत सकरात्मक सोचको विकास गर्दै दिगो विकासलाई जोड दिएको छ ।

३. आर्थिक विकास

३.१. वेरोजगारहरुको वर्गिकृत तथ्यांक तयार गरी सुचिकरण गरिएको छ । नगरमा रोजगारी सिर्जनाका लागि यो वर्गिकृत सूचीकरणले महत्वपूर्ण भूमिका खेल्दछ ।सुचिकृत वेरोजगारहरु लाई रोजगारी सिर्जना गरी हाल सम्म नगरमा ७ हजार भन्दा वढी सिँढी सहितको पैदलमार्गहरु निर्माण गरिएको छ ।

३.२. सवै स्रोत र साधनको जननी, जीवन निर्वाहको माध्यम र आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको कृषिको विकासका लागि नगरपालिकाले विभिन्न कार्यक्रमहरु संचालन गरेको छ। यी कार्यक्रमहरुको संचालनले कृषिलाई यन्त्रीकरण र व्यावसायिकरण गरी आयआर्जनको प्रमुख माध्यमको रुपमा विकास गरिएको छ ।जस अन्तरगत निम्नानुसारका प्रमुख कार्य संचालन भएका छन् :

कार्यक्रम	उपलब्धी
सिंचाई	✍ ४१ वटा सिंचाई योजना निर्माण भई १७२ हेक्टर सिंचित भएको
वहुउद्देश्यीय नर्सरी	✍ ६ वटा वहुउद्देश्यीय नर्सरी निर्माण भई १ लाख १० हजार सुन्तला, कागती, कफि लगायतका विरुवा स्थानीय रुपमा उत्पादन भएको
विरुवा हाम्रो फल तपाईको	✍ ११३६२० विरुवा रोपण भई फलफुल पकेट क्षेत्रको रुपमा विकास भएको
टनेल हाम्रो उत्पादन तपाईको	✍ १०३४ टनेल निर्माण भई ६५ प्रतिशतले तरकारी उत्पादन वढेको
वृहत कृषि फार्म	✍ वडा नं. ३ मा २०० रोपनीमा सुन्तला वालिको विकास भएको ✍ वडा नं. ८ मा १०० रोपनीमा सुन्तला र कफिवालिको विकास भएको
एक वार्ड एक कृषि फार्म	✍ वडा नं. ३ , वडा नं. ५ वडा नं.६, वडा न..७, वडा नं.८ र वडा नं ११ मा व्यवसायिक तरकारी खेतीको शुरुवात गरिएको ✍ वडा नं. ५ मा व्यवसायिक केरा खेतीको विकास गरिएको ✍ वडा नं. ७, ८ र ९ मा माहुरी पालन व्यवसायको शुरुवात गरिएको
कृषिमा यन्त्रीकरण	✍ एक टोल एक हल अभियान अन्तर्गत ३ वटै तहका सरकार मार्फत १७८ वटा मिनिटेलर वितरण भएको । ✍ नगरवासीको सुविधाका लागि ५९ वटा मिल वितरण
सिंचाई पाइप सिंचाई	✍ कृषिमा आत्मनिर्भरता र व्यवसायिकरणका लागि आकास्मिक विभिन्न साईजका ७५३० मिटर पाईप १७४ कृषकलाई वितरण गरी साना सिंचाईमा सहयोग पुगेको छ ।
वाँझो जमिनको सदुपयोग	✍ ५२५/५ रोपनी वाँझो जमिनमा खाद्यन्न वाली रोपण गरी ९० मे.टन. उत्पादन वृद्धि भएको ✍ ४१३ रोपनी वाँझो जमिनमा फलफुल खेती विस्तार भएको
एक वार्ड एक पशु फार्म	✍ वडा नं. २ र ३ मल्यांदी खोलामा भैसी पालन व्यवसायको शुरुवात ✍ वडा नं. ३ वाख्रा पालन व्यवसायको शुरुवात ✍ वडा नं. ४ कुखुरा पालन व्यवसायको शुरुवात ✍ वडा नं.६ दुई स्थानमा गाई तथा भैसी पालन व्यवसायको डेरी स्थापना ✍ वडा नं. १० गाईपालन व्यवसायको शुरुवात
दुध विक्रिमा प्रोत्साहन अनुदान (वार्षिक)	✍ ४ वटा सहकारी मार्फत नियमित रुपमा दुध संकलन र वजारीकरण ✍ ५०१३१० लिटर दुध विक्रि गरी वार्षिक कृषकहरुले ३ करोड २५ लाख भन्दा वढि आम्दानी गर्दै आएका । ✍ नगरपालिकावाट वार्षिक रु.१२ लाख ५३ हजार प्रतिफलमा आधारित प्रोत्साहन अनुदान दिंदै आएको ।
माहुरी पालन	✍ १४०३ घारमा मौरी पालन गरी ८.६ मे.टन. उत्पादन हुने गरेको छ
विउ उत्पादन र विक्रि	✍ काँक्रोको विउ ३ मे.टन. ✍ मकैको विउ २० मे.टन. ✍ गहुँको विउ १३ मे.टन. ✍ तरकारी विउ ३.२ मे.टन. ✍ स्थानीय जात पोखेली र जेठोवुढोको धानको विउ २ मे.टन.

कार्यक्रम	उपलब्धी
कृषिजन्य उत्पादन र विक्रि	✍ सुन्तला ५६८ टन, लप्सी २.५ टन, ताजा तरकारी १३ टन, च्याउ ३५०० के.जी., अलैंची १२५० के.जी., गोलभेंडा ६१० मे.टन., काक्रो ११० मे.टन.विक्री हुने गरेको
पशुजन्य उत्पादन र विक्रि	✍ दुध १५ सय मे.टन., मासु २५७ मे.टन., अण्डा ४१० मे.टन.
आहारा विकास	✍ हिउदे तथा वहुवर्षे घाँसको विउ र विरुवामा आत्मनिर्भर

३.३. नगर क्षेत्रमा रहेको उद्यमशीलताको पहिचान, विकास , उपयोग र वजारीकरण गरी नागरिकलाई आत्मनिर्भर वनाउने तथा व्यवसायिक उद्यमशीलताको विकास मार्फत नागरिकहरुमा आयआर्जन क्षमताको विकास गर्ने उद्धेश्यले नगरपालिकाले निम्न कार्यक्रमहरु संचालन गरेको छ :

उद्योग	✍ उद्योगको किसिम र स्थान	रोजगारी सिर्जना (जना)
घरेलु औजार उद्योग	✍ ३ वटा सामुहिक आरान उद्योग (वडा नं १, ४ र ८) ✍ ११२ वटा निजी आरानको स्तर वृद्धि	✍ १२५ जनालाई रोजगार मिलेको छ
एक वार्ड एक महिला उद्यम	(वडा नं ४, ५, ६, ८ र १०) ढाका वुनाई, सिलाई कटाई, खाद्य प्रसोधन र दुध प्रशोधन	✍ ३७ जनालाई रोजगार मिलेको छ ।
लघुउद्यम विकास	८ वटा वडामा जुता निर्माण, सिलाई कटाई, डल निर्माण, भाडाँकुडा तयार आदि	✍ ४४ जनालाई रोजगार
११ विधाको तालिम मार्फत रोजगार	सुनका सामाग्री निर्माण, कपाल काट्ने, जुता सिलाउने, ...	✍ ११० जनाले तालिम प्राप्त गरी १७ जनाले रोजगार पाएका छन, २३ जनाले व्यवशाय शुरु

३.४. तीनवटा पृथक भौगोलिक अवस्था रहेको फलेवास नगरपालिकामा पृथक पृथक आर्थिक संभ्याव्यताको उजागर गरी त्यसै अनुसारका आर्थिक विकासका कार्यक्रमहरु संचालन गरिएका छन् । सदरमुकाम, प्रदेश राजधानीको पर्यटकीय विकासको उच्चतम् लाभ लिन सक्ने गरी पर्यटकीय विकासका कार्यक्रमहरु संचालन गरिएका छन् । यस अवधीमा नगरपालिका भित्र रहेका पर्यटकीय संभावनाका संपदा तथा स्थलहरुको पहिचान र विकास गरिएको छ । चौतारी, पोखरी, मठ, मन्दिरहरुको निर्माण, मर्मत संभार गरिएको छ । पर्यटकीय महत्वका स्थलहरुको निर्माण गरिएको छ। पैदल मार्गहरुको निर्माण तथा स्तरोन्नती गरिएको छ। यस अवधिमा पर्यटकीय विकासका लागि गरिएका प्रमुख कार्यहरु :

वाटिका निर्माण	✍ मनमोहन शान्ति वाटिका निर्माणाधिन रहेको छ ।
पदमार्ग	✍ ३६ वटा योजना मार्फत २.८ किलो मिटर पैदल मार्ग निर्माण भई वस्ती तथा टोलमा आवतजावत गर्न सहज भएको छ ।
पर्यटन पूर्वाधार	✍ डहरे क्षेत्र ओपन जू, मनमोहन शान्तिवाटिका निर्माणाधिन, ✍ चिसापानी पर्यटकीय क्षेत्र, गायत्री आश्रम पूर्वाधार विकास ✍ लिमिकोट, भुमेकोट, शुलिकोट पूर्वाधार निर्माण ✍ चण्डेश्वरी, चक्रुफुलवारी, सातमुले क्षेत्र विकास ✍ खुम होमस्टे र चारभञ्ज्याङ होमस्टे पूर्वाधार निर्माण
सांस्कृतिक पूर्वाधार	✍ २३ वटा मन्दिर तथा गुम्वा, ८ वटा अन्य सांस्कृतिक पूर्वाधार निर्माण

४. सामाजिक बिकास

४.१ सामाजिक क्षेत्रको सन्तुलित विकास र सो को समन्यायिक उपभोगको अवसर विना नागरिकको आधारभूत आवश्यकता पुर्ति हुन सक्दैन । तसर्थ नगरपालिकाले सामाजिक विकासका विविध क्षेत्रहरुलाई विकासका अन्य क्षेत्रहरु सँग अन्तरसम्वन्धित गरी विकासका योजनाहरु कार्यान्वयन गरेको छ । सामाजिक क्षेत्रमा गरिएका उल्लेखनिय कार्यहरुलाई निम्नानुसार संक्षेपिकरण गरिएको छ ।

फलेवास नगर अस्पताल	✍ फलेवास नगर अस्पताल वडा नं. ६ मा स्थापना भै उपचार शुरु भएको छ ✍ फलेवास नगर अस्पतालको भवन निर्माण शुरु भएको
स्वास्थ्य चौकी भवन	✍ वडा नं. १ कार्किनेटा, वडा नं. ५ खानीगाउँ, वडा नं. १० कुर्घा र वडा नं. ११ पाङराङ भवन निर्माण सम्पन्न ✍ भंगरा भवन निर्माण भईरहेको छ र थापाठाना, मुडिकुवा, ७ लिमिठाना र ठानामौलाका भवन निर्माणका लागि सिफारिस गरी पहल भएको
खोप क्लिनिक भवन	✍ वडा नं. १, वडा नं. ३, वडा नं. ८, वडा नं. ९, वडा नं. १०, वडा नं. ११ मा भवन निर्माण
जेष्ठ नागरिक सेवा भवन	✍ वडा नं. १ कार्किनेटा, वडा नं. ३ शंकरपोखरी रुग्दी र वडा नं. ६ देविस्थानमा भवन निर्माण सम्पन्न भई सेवा दिन शुरु भएको
स्वास्थ्य क्षेत्रको स्तर वृद्धि	✍ वर्थिङ सेन्टर (वडा नं. १, ३, ५, ६, ७, ९, १० र ११) ८ वटा वडामा विस्तार ✍ ल्याव सेवा ३ वटा वडामा सञ्चालन (वडा नं. ३, ६ र ७)
स्वास्थ्य सेवा	✍ नगर अस्पताल र स्वास्थ्य चौकी मार्फत विरामीहरुलाई तोकिएका निःशुल्क औषधी वितरण ✍ वार्षिक उपचार वार्षिक सरदर २७३६९ जनाको चेकजाँच र उपचार ✍ आयुर्वेधिक केन्द्रवाट वार्षिक सरदर २१९८ जनाले उपचार सेवा प्राप्त ✍ गाउँघर क्लिनिकवाट वार्षिक सरदर ११७९३ जनाले सेवा पाएका ✍ वर्थिङ्ग सेन्टरमा सरदरमा वार्षिक ९४ जना वच्चाको जन्म भएको ✍ वार्षिक सरदर ३१ जनालाई निशुल्क एम्वुलेन्स सेवा प्रदान गरी जिउज्यानको जोखिमवाट वचाईएको ✍ वार्षिक सरदर १३२ जनालाई दिर्घरोग तथा आकास्मिक उपचारमा सहयोग पुऱ्याईएको छ ✍ वार्षिक सरदर १२१४ जनाको स्वास्थ्य वीमा गरी उपचारमा सहजता पुगेको ✍ कोभिडको महामारीमा ३९७ जनाको उपचार गरिएको ✍ कोभिडको समयमा २५१ जनालाई उपचारका लागि निशुल्क एम्वुलेन्स सेवा प्रदान गरिएको ✍ १२ वर्ष माथीका नगरवासीहरुलाई कोभिड विरुद्धको खोप लगाईएको
स्वास्थ्य आमा समुह परिचालन	✍ ९७ वटा स्वास्थ्य आमा समुह मार्फत सवै टोलमा स्वास्थ्य तथा सरसफाई सम्वन्धी जनचेतना अभिवृद्धि भएको ✍ एक आमा समुह एक स्टेचर र वोर्ड उपलव्ध गराईएको
टेलिमेडिसिन स्वास्थ्य सेवा	✍ वडा नं. ८ मा रहेको चारभञ्ज्याङ टेलिमेडिसिनलाई साझेदारी गरी स्वास्थ्य चेकजाँच, उपचार र स्वास्थ्य केन्द्रको भौतिक सुधार र स्वास्थ्य कर्मि व्यवस्थापनमा सहकार्य भएको ✍ वडा नं. ४ मा रहेको टेलिमेडिसिनलाई स्वास्थ्य सामाग्री र मेसिनरी औजार व्यवस्थापन गरिएको
खानेपानी	✍ वडा नं. १ मा एक घर एक धारा ✍ वडा नं. २ मा विशेष अनुदानवाट खानेपानी योजना ✍ वडा नं. ३ लमाय खोला लिफ्ट खानेपानी निर्माणाधिन, ड्रिप वोरिङ खानेपानी सञ्चालन ✍ वडा नं. ४ एक घर एक धारा खानेपानी योजना निर्माणाधिन

	✍ वडा नं. ५ वृहत फलेवास खानेपानी योजना मार्फत एक घर एक धारा खानेपानी योजना निर्माणाधिन ✍ वडा नं. ६ वृहत फलेवास खानेपानी योजना मार्फत एक घर एक धारा निर्माणाधिन ✍ वडा नं. ७ एक घर एक धारा खानेपानी योजना निर्माणाधिन ✍ वडा नं. ८ एक घर एक धारा खानेपानी योजना पुरा हुने चरणमा पुगेको ✍ वडा नं. ९ एक घर एक धारा खानेपानी योजनामा काम भई रहेको ✍ वडा नं. १० एक घर एक धारा खानेपानी योजना निर्माणाधिन ✍ वडा नं. ११ मा विशेष अनुदानवाट एक घर एक धारा खानेपानी योजना निर्माणाधिन ✍ ५७ वटा खानेपानी योजना निर्माण भई रहेको हुंदा यसै वर्ष २९५४ घरमा एक घर एक धारा सहितको खानेपानी सुविधा पुग्ने अपेक्षा गरिएको
क्लिन फलेवास ग्रिन फलेवास अभियान	✍ ५७२६ घरमा क्लिन हाउस ग्रिन हाउस अभियान ✍ ८७ टोलमा क्लिन टोल ग्रिन टोल सामाजिक जागरण अभियान ✍ १५ वटा विद्यालयमा क्लिन स्कुल ग्रिन स्कुल अभियान
सुरक्षित शौचालय	✍ पक्की शौचालय भएका घरधुरी ५३५१ वटा ✍ विपन्न शौचालय निर्माण २८८ घरमा
जुठ्याल्नो सुधार	✍ ३१० विपन्न परिवारको जुठ्याल्नो सुधार भएको
चौतारी पोखरी निर्माण र संरक्षण	✍ चौतारी निर्माण : ८ वटा, पोखरी निर्माण : ८ वटा, ✍ चौतारी मर्मत : १७ वटा, पोखरी मर्मत : १३ वटा
	✍
विद्यालय भौतिक निर्माण	✍ २३ वटा विद्यालयमा २८ वटा भवन निर्माण भई ७२ वटा कक्षा कोठा तयार भएका ✍ १ वटा छात्रावास निर्माण भएको ✍ १३ वटा विद्यालयमा लैंगिकमैत्री शौचालय निर्माण
नमुना विद्यालय	✍ २ वटा विद्यालयलाई नमुना विद्यालयको रुपमा विकास गरी पूर्वाधार तथा शैक्षिक गुणस्तर सुधारका कार्य अगाडी वढेको छ।
कम्प्युटर ल्याव, साइन्स ल्याव र पुस्तकालय सहयोग	✍ विद्यालयहरुमा १४ वटा कम्प्युटर ल्याव, ११ वटा साइन्स ल्याव, १३ वटा पुस्तकालयमा सहयोग भएको ✍ २ वटा विद्यालयमा स्कुल वस हस्तान्तरण
स्थानीय पाठ्यक्रम	✍ आधारभूत तहमा यसै शैक्षिक सत्र देखि लागु हुने गरी स्थानीय पाठ्क्रम तयार भएको
शैक्षिक विकास	✍ कक्षा १ देखि ४ सम्म अंग्रेजी माध्यममा पठनपाठन ✍ प्रसुति भएका शिक्षिकाहरुको सट्टा शिक्षकको व्यवस्था, सुत्केरी स्यार खर्च व्यवस्थापन ✍ ६ वटा विद्यालयमा प्रविधिमैत्री शिक्षा ✍ न्युन आयश्रोत भएका ३१० परिवारका विद्यार्थीको लागि विद्यालय पोसाक र शैक्षिक सामाग्री व्यवस्थापन, ✍ २४४० जनालाई दिवा खाजा, छात्राहरुको लागि २३१८ निशुल्क सेनिटरी प्याड वितरण
सामुदायिक सिकाई केन्द्र	✍ ८ वटा सामुदायिक सिकाई केन्द्र मार्फत सामाजिक जागरण र शैक्षिक जागरण
संस्कृति संरक्षण	✍ ११ वडाका ११ वटा भजन मण्डलीलाई वाद्यवादनका सामाग्री व्यवस्थापन ✍ नगर स्तरीय भजन समुह व्यवस्थापन र प्रचार प्रसार ✍ ६ वटा नौमती वाजा समुहका ७२ जनालाई पोसाक व्यवस्थापन गरिएको छ ✍ २ वटा गुम्वालाई सामाग्री तथा पूर्वाधार विकासमा साझेदारी ✍ ३ वटा क्षेत्रमा देवीलिला, लाखेनाँच, नेवारी संस्कृतीका लागि सामाग्री व्यवस्थापन

सांस्कृतिक पूर्वाधार	✍ २३ वटा मन्दिर तथा गुम्वा, ८ वटा अन्य सांस्कृतिक पूर्वाधार निर्माण भएका छन ।
महिला सशक्तिकरण	✍ ११ वटा महिला सञ्जाल मार्फत लैगिक समानता र क्षमता विकासका अभियान सञ्चालन ✍ महिला सहकारी मार्फत आयआर्जन र नेतृत्व विकासका अभियान ✍ महिला जनप्रतिनिधि मार्फत टोल वस्तीमा राजनैतिक, सामाजिक तथा सांस्कृतिक अभियान सञ्चालन
जेष्ठ नागरिक सम्मान	✍ १८२८ जना जेष्ठ नागरिकलाई परिचय पत्र उपलब्ध गराई राज्यवाट पाउने सेवा सुविधा उपलब्ध हुने वातावरण सृजना भएको ✍ जेष्ठनागरिकहरुलाई नियमित रुपमा सम्मान र सहज जिवनयापनको वातावरण सृजना
अपांगता परिचय पत्र	✍ नगर भित्र रहेका ४५ जनालाई क, १२३ जनालाई ख, १५८ जनालाई ग, १०७ लाई घ वर्गको परिचय पत्र उपलब्ध गराई राज्यवाट लिने सुविधामा सहजीकरण गरिएको छ ।
सामाजिक सुरक्षा कार्यक्रम	सामाजिक सुरक्षा भत्ता वैक मार्फत खातामा भुक्तानी ✍ १९८८ जना जेष्ठनागरिकलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराईएको ✍ ३३६ जना दलित जेष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराईएको ✍ ९०० जना एकल महिला नागरिकलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराईएको ✍ ५४६ जना दलित वालवालिकालाई पोषण भत्ता उपलब्ध गराईएको
विद्युर पुरुष तथा एकल महिलालाई प्रोत्साहन	✍ ५० देखि ७० वर्ष सम्मका ८६ जनालाई विद्युर पुरुष र एकल महिलालाई प्रोत्साहन भत्ता उपलब्ध गराईएको
युवा तथा खेलकुद	✍ ६ वटा खेलकुद मैदान निर्माण तथा पूर्वाधार विकास ✍ यूवा क्लवहरुलाई खेलकुद सामाग्री व्यवस्थापन ✍ राष्ट्रिय, अन्तराष्ट्रिय, क्षेत्रीय खेलकुदमा सफलता हाँसिल गर्ने खेलाडीहरुलाई सम्मान तथा प्रोत्साहन ✍ शहरी शासकीय पूर्वाधार आयोजना, प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत ७१० जना भन्दा वढिलाई पूर्ण तथा आंसिक रोजगार ✍ कृषि तथा पशु फार्म, महिला उद्यम, घरेलु औजार उद्यम र लघुउद्यम विकास मार्फत १७० जना युवाहरुलाई आंसिक रोजगार
भूमिहिन	✍ सुकुम्वासी समस्या समाधान आयोगवाट अव्यवस्थीत जमित र सुकुम्वासीको तथ्यांक र निवेदन सहितका कागजात तयार भै प्रमाण पुर्जा उपलब्ध गराउने चरणमा पुगेको

५. भौतिक पूर्वाधार विकास

५.१. भौतिक पूर्वाधार विकास अन्य पूर्वाधार विकासको लागि पनि अनिवार्य रहन्छ । सडक, वाटोघाटो, पुलपुलेसा, सामुदायिक भवन, विद्यालय भवन, अन्य भौतिक संरचनाहरु आदिको समुचित विकासले नागरिकको आधारभूत आवश्यकता पूर्ती मा सहजीकरण गर्दछ । सेवा प्राप्तीमा सहजता र सुगमता स्थापित गर्दछ । नगरपालिकाले भौतिक पूर्वाधार विकासमा समुचित ध्यान दिई यसको दिगो विकासका योजनाहरु सम्पन्न गरिएको छ । केही प्रमुख योजनाहरु निम्नानुसार छन् ।

	कालीगण्डकी वहुउद्देश्यिय जलाशययुक्त परियोजना	✍ फलेवास नगरपालिकाको अगुवाईमा कुस्मा, विहादी, वाग्लुङ, जैमुनी, कृष्णगण्डकी नगरपालिका तथा गाउँपालिकासंगको छलफलवाट कालिगण्डकी जलशाययुक्त परियोजनाको अवधारणा अगाडी वढाए अनुसार प्रदेश संघीय सरकारवाट वजेट विनियोजन

		भई सर्वे भई रहेको छ। प्रारम्भिक सर्भेक्षणमा ८४४ मेघावाट विद्युत उत्पादन हुने अनुमान भएको छ।
वस्ती विकास	व्यवस्थित वस्ती विकास	✍ लमाय खोला क्षेत्रमा १२ घरको अर्चले एकिकृत वस्ती निर्माण सम्पन्न
व्यापारिक केन्द्र	व्यापारिक केन्द्रहरुमा पूर्वाधार	✍ सवैव्यापारिककेन्द्रमासडकसुधार, विद्युतीकरण, खानेपानीको सुविधा
सडक तथा यातायात	कालीगण्डकी लोकमार्ग स्तरवृद्धि	✍ कालीगण्डकी लोकमार्ग फलेवास खण्डको ट्याक ओपन ✍ फलेवासको वाच्छा खोला देखि कर्नास हुर्दै कुर्घा, मोदिवेनी सम्म स्तरउन्नतीको काम भई रहेको
	नौ डाँडा कार्किनेटा फलेवास देविस्थान जैमुनी गलकोट सडक	✍ नौडाँडा देखि थापाठाना खण्ड सम्म कालोपत्रेको काम पुरा हुन चरणमा पुगेको
	नगर भित्रका सडक	✍ ४१२ किलो मिटर सडक ट्याकओपन भएको
	सडक कालोपत्रे	सुन्य कालोपत्रे भएको नगरपालिकामा ✍ मुडिकुवा लमाय खोला कुर्घासम्म कालोपत्रे ✍ हिलेखोला कार्किनेटा थापाठानासम्म कालोपत्रे भएको ✍ मल्याङ्गदी खोला मुडिकुवा ढिक चन्दनी कालोपत्रे गर्ने अन्तिम तयारीमा पुगेको
	सडक पुल	✍ मोदीवेणीमा फलेवास कुस्मा जोड्ने पुल ✍ शंकरपोखरी र साइकलचोक जोड्ने मल्यांदी खोलामा पूल ✍ अर्चले तथा सिरुवारी जोड्ने खाल्टे खोला पूल ✍ चिर्दिखोला पूल
	निर्माणाधिन पूल	✍ फलेवास र जैमुनी जोड्ने पूल ✍ देविस्थान ढिक र कुर्घा जोड्ने लमाय पूल
	सेन्टर चक्रपथ	✍ मुडिकुवा पिप्ले चन्दनी ढिक राहाले मुडिकुवा सडक कालोपत्रे पुरा हुने चरणमा
	भित्री चक्रपथ	✍ खानीगाउँ लमायखोला लिमिठाना ठानामौला भंगरा थापाठाना शंकरपोखरी खानीगाउँ सडक फराकिलो र स्तरोन्नतीको काम भएको ✍ कालोपत्रेका लागि डि.पि.आर. तयार भै कार्य अगाडी वढेको
	वाहिरी चक्रपथ	✍ तातोपानी मुडिकुवा देविस्थान कुर्घा कर्नास वाच्छाखोला तीनकुले पाङराङ साल्ले कुर्घाडाँडा घन्तरी सलिन्धारा वेतेहानी वाहुनीमारा वगाले कार्किनेटा भुजेलस्वारा नुवार खण्डको ट्याकओपन भै स्तरोन्नतीको काम भई रहेको ✍ नुवार तातोपानी खण्डमा १ कि.मि. मात्र ट्याक ओपन गर्न वाँकी रहेको
	लिङ्क रोड	✍ फलेवासवाट स्याङ्गजा जिल्ला जोड्ने ११ स्थानवाट लिङ्क रोड तयार भएका ✍ फलेवासवाट वाग्लुङ्ग जिल्ला जोड्ने ४ स्थानवाट स्तरीय लिङ्क रोड तयार भएका ✍ अन्यपालिका जोड्ने २३ स्थानवाटवाट लिङ्क रोड तयार भएका
	वस्ती तथा टोल स्तरीय सडक	✍ ८७ वटै टोलमा सडक सञ्जाल निर्माण भएको ✍ नगर सवै मुख्य वस्तीमा सडक पुगेको

	वसपार्क	✍ वडा नं. ६ को इन्द्रको डिलमा वसपार्क निर्माण गर्ने गरी डि.पि.आर तयार भएको ✍ वडा नं. १ को वायढुंगामा समेत वसपार्क निर्माणका लागि प्रस्ताव भएको
झोलुङ्गे पुल	अग्लो झोलुङ्गे पूल	✍ सिरसुवा कुस्मा अग्लो झोलुङ्गे पुल ✍ सिरसुवा कैया अग्लो झोलुङ्गे पुल ✍ देविस्थान निरिङ्गे अग्लो झोलुङ्गे पुल ✍ ढिक अर्जेवा अग्लो झोलुङ्गे पुल ✍ देविस्थान कुर्घा अग्लो झोलुङ्गे पुल ✍ चन्दनी लिमिठाना अग्लो झोलुङ्गे पुल ✍ कटुजे लौसीखोला अग्लो झोलुङ्गे पुल ✍ सिरकाङ जैदी अग्लो झोलुङ्गे पुल ✍ कर्नास जैदी अग्लो झोलुङ्गे पुल (निर्माण हुंदै)
	झोलुङ्गे पूल	✍ ९ वटा झोलुङ्गे पूल निर्माण सम्पन्न
विद्युतीकरण	काठेपोलमुक्त	✍ सवै वडाका काठेपोल मुक्त गरी फलामे तथा स्टिल पोलमा रुपान्तरणका लागि पोल व्यवस्थापन गरिएको
	शौर्यवत्ति	✍ २१ स्थानमा शौर्य वत्ति जडान
भवन निर्माण	प्रमुख प्रशासकीय भवन	✍ निःशुल्क रुपमा ६० रोपनी ८ आना जग्गा प्राप्त भई सरकारी जप्गा समेत गरी १०० रोपनी भन्दा वढिको जमिन उपयोगमा आएको छ । ✍ व्यवस्थित भवन निर्माणको काम शुरु ✍ आफ्नै जग्गामा कार्यालय भवन निर्माण भई सेवा प्रारम्भ
	वडा कार्यालय निर्माण	✍ वडा नं. १ कार्किनेटामा तल थप भएको ✍ वडा नं. २ थापाठाना, वडा नं. ८ ठानामौला र वडा नं. ११ पाङराङ मा भवन निर्माण भैरहेको ✍ वडा नं. ३ शंकरपोखरी, वडा नं. ४ मुडिकुवा , वडा नं. ६ देविस्थान , वडा नं. ९ भंगरा वडा नं. १० कुर्घा भवन उद्घाटन भएको
	स्वास्थ्य चौकी भवन	✍ वडा नं. १ कार्किनेटा, वडा नं. ५ खानीगाउँ र वडा नं. ११ पाङराङमा भवन निर्माण सम्पन्न भएको ✍ वडा नं. ९ भंगरा भवन निर्माण भईरहेको ✍ वडा नं. १० कुर्घा भवन उद्घाटन भएको
	शहरी स्वास्थ्य क्लिनिक भवन	✍ वडा नं. १कार्किनेटा, वडा नं. २ थापाठाना, वडा नं.३ शंकरपोखरी वडा नं. ८ ठानामौला, वडा नं.१० कुर्घा र वडा नं.११ पाङराङमा भवन निर्माण भएको
	जेष्ठ नागरिक सेवा भवन	✍ वडा नं. १ कार्किनेटा, वडा नं. ३ शंकरपोखरी रुग्दी र वडा नं. ६ देविस्थानमा भवन निर्माण भएको
	सामुदायिक भवन	✍ वडा नं. १ भवन निर्माण ✍ वडा नं. २ कार्यालय भवन निर्माण ✍ वडा नं. ३ भवन निर्माण ✍ वडा नं. ५ भवन मर्मत ✍ वडा नं. ६ कार्यालय भवन निर्माण ✍ वडा नं. ७ सहकारी भवन निर्माण २ वटा ✍ वडा नं. ८ सहकारी भवन निर्माण ✍ वडा नं. ९ सहकारी भवन निर्माण

		✍ वडा नं. १० सहकारी भवन निर्माण
	सिंचाई	✍ ४१ वटा सिंचाई योजना निर्माण भई थप १७२ हेक्टर सिंचित भएको
	पदमार्ग	✍ ३६ वटा योजना मार्फत २.८ किलो मिटर पैदल मार्ग निर्माण भई वस्ती तथा टोलमा आवतजावत गर्न सहज भएको
	सुरक्षित आवास	✍ भुकम्प पूननिर्माण अन्तरगत १५३३ लाभग्राही मध्ये ११७५ वटा घर निर्माण भै सवै किस्ता लिएका ✍ मौषमजन्य ५८ निजी आवास निर्माणाधिन रहेका छन । ७२ वटा घर सिफारिस भएका ✍ सुरक्षित आवास तर्फ १६२ घरले सम्झौता गरेकोमा ८१ घर सुरक्षित भएका छन भने अन्य घर निर्माणाधिन रहेका ✍ जनता आवासमा ... निजी आवास निर्माण
	दिशा सूचक वोर्ड	✍ ६३ वटा चोकमा दिशा सूचक वोर्ड व्यवस्थापन
	विपत व्यवस्थापन	✍ १५ वटा अति जोखिम स्थलमा पहिरो नियन्त्रण ✍ १५२ घर परिवारलाई विपत व्यवस्थापनमा सहयोग ✍ विपत व्यवस्थापनमा त्रिपाल, जाली, प्लास्टिक, सुरक्षा सामाग्री वितरण ✍ कोभिडको महामारीमा रोजगार गुमाएका, खाद्यन्न समस्या भएका परिवारलाई राहात ✍ ४१ घरपरिवारलाई जस्तापाता उपलव्ध गराई विपतमा संरक्षण गरेको

६. संस्थागत विकास र सुशासन

६.१. संविधानतः स्थानीय सरकार स्थापना भई कार्य जिम्मेवारी हस्तान्तरण , स्रोत साधनको वाँडफाँड, वित्तीय हस्तान्तरण भई सकेपछी सो को कार्यान्वयनका लागि स्पष्ट नीतिगत, कानूनी तथा संस्थागत प्रवन्धको आवश्यकता पर्दछ। कानूनको शासन र संवैधानिक सर्वोच्चतालाई फलेवास नगरपालिकाले सधै हृदयङ्गम गरेको छ । संविधानपदत्त हक अधिकारको प्रचलनका लागि कानून निर्मण, संस्थागत सुदृढीकरणका साथै स्थानीय सरकारका रुपमा स्थानीय व्यवस्थापिका, कार्यपालिकालाई संचालन गर्न र न्यायिक कार्य र्सपादन गर्न फलेवास नगरपालिकाले गरेका प्रमुख कार्यहरु निम्नानुसार छन् :

नगर सभा	✍ संघीय तथा प्रदेशको संसद सञ्चालन विधि अनुसार नगर सभा सञ्चालन ✍ १० वटा नगर सभा मार्फत ऐन, नीति तथा कार्यक्रम र वजेट पारित
कार्यपालिका	✍ मन्त्री परिषदको वैठक सञ्चालन गर्ने विधि अनुसार कार्यपालिकाको वैठक सञ्चालन ✍ नियमित रुपमा न्युनतम मासिक कार्यपालिकाको वैठक
संस्थागत विकास	✍ ५३ वटा ऐन तथा कानुन निर्माण गरी स्थानीय सरकार सञ्चालन ✍ संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी नगरपालिकामा कर्मचारी व्यवस्थापन ✍ शाखाहरुको कार्यविवरण तयार गरी चुस्त प्रशासनीक संयन्त्र व्यवस्थापन ✍ समय समयमा कर्मचारीहरुलाई स्थानीय तहमा सेवा प्रवाह संवन्धी अभिमुखीकरण ✍ राजश्व वडा कार्यालयवाट नै संकलन गर्ने प्रवन्ध ✍ घटना दर्ता लगायतका विवरण अनलाईनवाट व्यवस्थापन ✍ वडा कार्यालयमा सेवाग्राहिमैत्री वातावरण र सेवा प्रवाह
आन्तरिक नियन्त्रण प्रणालीको स्थापना	✍ कर्मचारी नियुक्ती, सरुवा , वढुवा, संस्थागत संझनाको हस्तान्तरण सम्वन्धी व्यवस्था ✍ जनप्रतिनिधि र कर्मचारीको वैठक व्यवस्थापन सम्वन्धमा व्यवस्था ✍ भ्रमण खर्च सम्वन्धमा नियमन

	✍ सार्वजनिक खरिद, निर्माण, ठेक्का व्यवस्था जस्ता आर्थिक व्ययभार वढी पर्ने क्रियाकलाप संचालनका लागि नियन्त्रण प्रणालीको व्यवस्था ✍ अनुगमन र प्रतिवेदन प्रणाालीको संस्थागत
सुशासन	✍ सहभागिता,सहमति र सहकार्यमा आधारित निर्णय प्रकृयाको अवलम्वन ✍ स्थानीय सरकारका सवै क्रियाकलापमा पारदर्शिता ✍ निश्चित समयमा तोकिएको काम गर्ने प्रणालीको विकास ✍ नगरका हरेक निर्णय र क्रियकलापमा कानूनको सर्वोच्चतालाई स्वीकार ।
वडा कार्यालयको भौतिक सुधार	✍ सवै वडामा इन्टरनेट, कम्प्युटर र ल्यापटप, फोटोकपि, स्क्यानर सहितको सेवाग्राहिमैत्री व्यवस्थित कार्यालय निर्माण
पञ्जिकरण	✍ घटना दर्ता अनलाईन मार्फत वडा कार्यालयवाट नै सेवा ✍ २०४७ साल देखिको विवरण व्यक्तिगत घटना दर्ता कम्प्युटराईज
न्यायिक समितिको क्रियाशिलता	✍ प्रत्येक वडामा मेलमिलापकर्ताको चयन र तालिम ✍ ११ वटा मेलमिलाप संवन्धी कार्य ✍ ३३ मुद्दा दर्ता संवन्धी सिफारिस

फलेवास नगरपालिकामा हामी निर्वाचित भए पछि माथी उल्लेखित महत्वपूर्ण उपलव्धीका कारण नेपाल नगरपालिकाका संघवाट राजश्व र वित्तिय व्यवस्थापनमा नेपालकै सर्वउत्कृष्ट नगरपालिकाको रुपमा यो नगरपालिका पुरस्कृत भएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले संस्थागत क्षमता स्वमूल्यांकनमा गण्डकी प्रदेशका ८५ वटा स्थानीय तहहरु मध्ये फलेवास नगरपालिका सर्वउत्कृष्ट भएको छ । त्यस्तै वित्तिय जोखिम निरिक्षण (FRA) मा यस नगरपालिकाले ८७.५ अंक प्राप्त गरेको छ । त्यसै गरी पृथक टेलिभिजनले गरेको स्वतन्त्र मूल्यांकनमा फलेवास नगरपालिका नेपाल भरीका ७५३ स्थानीय तह मध्ये उत्कृष्ट १० मा पर्न सफल भएको छ ।

खण्ड ग : कार्यसम्पादनका आधार, भोगिएका चुनौति र भावी दिशा

१. कार्य संपादनका आधारहरु

स्थानीय निकायको स्थानीय तहमा रुपान्तरण भएपश्चात नगर कार्यपालिकाले स्थानीय सरकारको रुपमा संविधानले तोकेको कार्य सीमा भित्र रही कार्य संपादन गरेको छ । स्थानीय व्यवस्थापिकाको रुपमा रहेको नगर सभाले नीति कानून निर्माण, संशोधन र खारेजी गर्ने, स्थानीय सरकारको वार्षिक नीति, कार्यक्रम तथा वजेट पारित गर्ने प्रमुख कार्य गरेको छ । नगर सभावाट विभिन्न विषयगत समितिहरुको निर्माण गरिएको छ । ती समितिहरुले आफ्नो आफ्नो विषयगत क्षेत्रका विशिष्ट समस्याहरु पहिचान गर्ने र तिनको समाधानको लागि सुझावहरु नगर कार्यपालिकामा प्रस्तुत गर्ने गरेका छन् । नगरपालिकाको न्यायीक समितिले मेलमिलाप तथा मध्यस्थताको माध्यमवाट कानूनको परिधिभित्र रही न्याय संपादन गर्ने कार्य गरेको छ ।

नगर कार्यपालिका नगर सभाप्रति र नगर सभा जनता प्रति उत्तरदायी हुनु पर्ने व्यवस्था अनुसार नगरका सवै क्रियाकलापहरु पारदर्शि र जवाफदेही किसिमवाट संपादन गरिएका छन् । नगर प्रमुख र वडा अध्यक्ष्यको सोझो उत्तरदायित्व मतदाता प्रति हुने गरि कार्य संपादनको व्यवस्था मिलाइएको छ । त्यस्तै नगर प्रमुख, नगर कार्यपालिका र वडा समिति समेत नगर सभाप्रति उत्तरदायी हुने गरी कार्य संपादनको कार्य व्यवस्था गरिएको छ ।

नगरले नीति, योजना,कार्यक्रम तय गर्दा निम्न पक्षहरुलाई प्रमुख आधार लिएको छ :

- नेपालको संविधान, चौधौ र पन्धौ योजना, संघीय सरकारका वार्षिक नीति, कार्यक्रम तथा वजेट
- गण्डकी प्रदेश सरकारको आवधिक योजना, वार्षिक नीति कार्यक्रम तथा वजेट
- नेपाल सरकार मन्त्री परिषदवाट २०७३ माघ २८ गते स्वीकृत तीन तहका सरकारको अधिकारको वाँडफाँड
- दिगो विकास लक्ष्य लगायत नेपालले अन्तराष्ट्रिय जगतमा गरेका प्रतिवद्धता, अभिसन्धीले सिर्जना गरेका दायित्व

- नगरको आवश्यकता, नगर गुरुयोजनाले दिशा निर्देश गरेको विषय क्षेत्र, नागरिकका चाहना र आवश्यकता
- नागरिकका आधारभूत आवश्यकताको परिपूर्ति, विपद् व्यवस्थापन
- सेवा प्रवाह र विकासका सवै पक्षहरुमा नागरिकको सार्थक र जीवन्त सहभागिता
- दिगो भौतिक , सामाजिक, सांस्कृतिक र आर्थिक पूर्वाधारको विकास र सो को समन्यायिक वितरण
- विकास तथा सेवा प्रवाहमा शासनका अन्य पात्रहरु सँग सहकार्य र समन्वय
- सर्वाङ्गीण विकासका पक्षहरुको एकीकरण र अन्तरसंवन्ध स्थापना
- सुशासन प्रवर्द्धन

२. भोगिएका प्रमुख चुनौति र समस्याहरु

- नगरपालिकाको साधन स्रोतको सीमितता र नागरिकका उर्लदा आवश्यकता वीच तालमेल पुऱ्याउन कठिनाई ।
- नगरपालिकाको आन्तरिक स्रोतको कमी ।
- भौतिक पूर्वाधार, सामाजिक विकास, आर्थिक विकास शिक्षा जस्ता सवै क्षेत्रको सन्तुलित विकास ।
- एकै स्थानका जनताहरुमा पनि आवश्यकतामा विविधता ।
- संघीय र प्रादेशिक सरकारवाट प्राप्त हुने राजश्व वाँडफाँडको रकम र सो प्राप्ति गर्ने समयमा अनिश्चितता ।
- संघ र प्रदेशले स्थानीय सरकारका प्राथमिकता वाहिरका खुद्रे कार्यक्रमहरुमा सिधै वजेट विनियोजन गर्ने प्रवृत्ती ।
- सशर्त र विशेष अनुदानका नाममा संघ र प्रदेश सरकारले स्थानीय सरकारमाथि गर्ने आयोजनागत हस्तक्षेप ।
- संविधानवाट निर्धारण गरिएका स्वायत्त अधिकारहरुलाई पनि विभिन्न विषयगत ऐन, कानून र मन्त्रलयगत निर्देशिका मार्फत संघ र प्रदेश सरकारवाट संकुचन
- साझा अधिकार सूचीका विषयहरु कार्यान्वयन गर्न संघ र प्रदेशमा स्थानीय सरकार मैत्री कानून निर्माण हुन नसक्नु
- संविधानमा नै व्यवस्था भएको स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको व्यवस्थापन प्रकृया अस्पष्ट हुनु

३. भावी दिशा

- नगर कार्यपालिकाले संचालनमा ल्याएका रणनैतिक महत्वका योजनाहरुलाई निरन्तरता दिने
- नगरको गुरुयोजना अनुसार मध्यमकालीन खर्च संरचनाको परिधि भित्र रही विकास आयोजना छनौट गर्ने
- नगरको आन्तरिक आम्दानी वृद्धीका लागि करको दायरा फराकिलो वनाउने, करका दर घटाउने
- नगर पालिकामा सडक पूर्वाधार विकास सामान्यत भै सकेको अवस्था रहेकोले खोलिएका सडक ट्र्याकहरुको स्तरउन्नती
- सडक संजाललाई आर्थिक सामाजिक विकासको मेरुदण्डको रुपमा रुपान्तरण गर्ने
- खुसी र सुखी फलेवासी, समृद्ध फलेवास निर्माणमा सवै कार्यक्रम तथा योजनाहरु आन्तरिकीकरण गर्ने
- ग्रामीण नगरपालिकालाई शहरी नगरपालिकामा रुपान्तरण गर्न योजना तथा कार्यक्रम निर्माण
- यस पाँच वर्षे कार्यकालको नागरिक प्रभावको मूल्याँकन

अन्त्यमा,

नगर पालिकामा क्रियाशील सवै राजनैति दलहरुको साथ, समर्थन र सहयोग, सवै नागरिकहरुको हामी प्रतिको माया, ममता, सद्भाव, विकासका साझेदारहरुको सक्रिय हातेमालो , सकरात्मक सोचले भरिएको तथा सधै सकरात्मक दवाव दिने नागरिक समाज, राष्ट्रसेवक कर्मचारीहरुको सक्रियता र स्थानीय सरकार प्रति उत्तरदायिपन, विकासप्रेमी सोच भएको पत्रकार जगत सवैको सहयोग तथा सहकार्यले यो शैसव नगर कार्यपालिकाले पाँच वर्षे कार्यकालमा विकासको गोरेटो कोर्न सक्षम भएको

यथार्थ हाम्रो सामु स्पष्ट नै छ । यस प्रसङ्गमा यहाँहरु सबै प्रति म हार्दिक आभार व्यक्त गर्न चाहन्छु । आगामी दिनमा समेत फलेवासको विकासमा यहाँहरुको हातेमालो अझै सक्रिय,सबल, जनउत्तरदायी र सक्षम होस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद, जय फलेवास ।

पदमपाणि शर्मा
नगर प्रमुख